# कमलामाई नगरपालिका

# स्थानीय राजपत्र

**नगरसभाबाट स्वीकृत मिति : २०७५/०१/३०, प्रमाणिकरण मितिः २०७५/०१/३०**

**खण्ड : २ संख्या : ४ राजपत्रमा प्रकाशित मिति : २०७५/०१/३१**

## भाग : १

## कमलामाई नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**सिन्धुली जिल्ला**

**३ नं. प्रदेश, नेपाल**

# शिक्षा ऐन, २०७५

**(पहिलो संसोधन २०७६/३/१०)**

**(दोस्रो संसोधन २०७७/१०/२३)**

**प्रस्तावना**

कमलामाई नगर र समग्र देशको विकासका लागि लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्थानीय नागरिकहरुको सदाचार, समयानुकूल ज्ञानको बृद्धिका लागि शैक्षिक स्तरको असमानतालाई न्यूनीकरण गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच कायम गर्न नगर क्षेत्रभित्र स्थापना भई सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयहरुको व्यवस्थापकीय सुधार गर्न तथा युगानुकूल सीप र प्रविधिसहित शैक्षिक विकास गर्न वाञ्छनीय भएकाले कमलामाई नगरसभाले नेपालको संविधान बमोजिम यो ऐन बनाएको छ ।



**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) नेपाली नागरिक वा नागरिकको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अर्न्तगत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाइ नगरपालिकामा तोकिएको अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगरपालिकाले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी सम्बन्धित वडाकार्यालयको सिफारिसमा तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिइ खोलिएका विद्यालयले तोकिएको सर्त बन्देज पालना गरेको देखिएमा सम्बन्धित वडाको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रूपमा सञ्चालन गरेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन ।

(५) उपदफा (२), (३) मा जुनसकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयहरूलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने अनुमति वा स्वीकृति दिइने छैन :

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयका नाममा भवन वा जग्गा दान, दातव्य दिएकोमा सो भवनमा वा त्यस्ता जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(६) यस ऐन वा प्रचलित कानुनमा जुनसकै कुरा लेखिएका भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नु पर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङ्गठित संस्थाका रूपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा सातजना र निजी गुठी भए कम्तीमा पाँचजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीका आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीका तत्काल कायम रहेका ट्रष्टीले आफनो जीवनकालमा वा शेषपछि गुठीयारका रूपमा कार्य गर्ने आफना उत्तराधिकारी तोक्न सक्नेछन् । तर सार्वजनिक शैक्षिक गुठीका हकमा त्यस्ता उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्यवाट विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएका अधिकारीबाट स्वीकृति लिइ सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।





(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएका भएतापनि कुनै विदशी शिक्षणसंस्थासंग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइनेछैन । तर नेपाल सरकारसंग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयहरुलाई अनुमति दिन सकिनेछ । उपदफा ७ र ८ मा उल्लेख भए बमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई नियमानुसार तोकिए बमोजिमको आवश्यक प्रक्रिया पूरा गरी सामुदायीक विद्यालयमा परिणत गर्न सकिनेछ ।

(१०) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**४. विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

१) नगरपालिकाले हाल सञ्चालनमा रहेका विद्यालयहरूलाई दुरी, विद्यार्थी सङ्ख्या, गुणस्तरियता, सञ्चालन क्षमताका आधारमा, गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा, बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न, अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न सम्बन्धित वडा समितिको सिफारिसमा नगर शिक्षा समितिले निर्णय गर्न सक्नेछ ।

२) उपदफा (१)बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयका सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**५. अनुमति वा स्वीकृति रद्द गर्नेः**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्ता विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझे न्यायिक समितिमा उजुरी लाग्नेछ ।

**६.शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोष सञ्चालन गर्ने :**

(१) कसैले पनि यस ऐन बमोजिम नगरपालिकाबाट अनुमति नलिइ शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, टयुसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, टयुसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा,





(क) नगरपालिकाको शैक्षिक नीति तथा योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने,

(ग) विद्यालयहरूको लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(घ) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षाहरूलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउने,

(ङ) नगरपालिका क्षेत्रभित्र स्थापना भएका निजी स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने,

(च) व्यवसायिक शिक्षा तथा सीपमुलक शिक्षाको कार्यान्वयन गर्ने गराउने,

(छ) विद्यालय व्यवस्थापन समितिलाइ निर्देशन दिने, जागरुक र सचेत गराउने,

(ज) विद्यालयका लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने,

(झ) विद्यालयहरुसंग सम्बन्धित अन्य विषयहरुको सम्बोधन गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

(ट) विद्यालयका सामाजिक परीक्षण गर्ने लगाउने ।

(ठ) शैक्षिक गुठीसंग गर्ने सम्झौताका सर्तहरू निर्धारण गर्ने ।

(ड) विद्यालयहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने र गराउने ।

(ढ) शैक्षिक संस्था र शिक्षासंग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने ।

(ण) नगरपालिका भित्र रहेका विद्यालयहरूमा शिक्षक दरबन्दी मिलान गर्ने ।

(त) विद्यालयको शैक्षिक गुणस्तर परिक्षण गराउने ।

(थ) शिक्षक छनौट कार्यविधि निर्धारण गर्न कार्यपालिकालाई सिफारिस गर्ने ।

(द) शिक्षक छनौट गर्ने कार्यका लागि विशेषज्ञका सूची तयार गर्ने ।

(ध) नगर शिक्षा सुधारको नीति योजना निर्माणको लागि विज्ञहरु रहेको योजना निर्माण कार्यदल गठन गर्ने ।

(न) अन्य तोकिए बमोजिमका कार्यहरू गर्ने, गराउने ।

**१६. शिक्षक कर्मचारी छनौट समिति**

(१) नगरपालिकामा विद्यालयहरुको शिक्षक, विद्यालय कर्मचारी, बालविकास शिक्षकको अस्थायी करारमा नियुक्तिको सिफारिस गर्न कार्यपालिकाले तोकेको व्यक्ति एकजना अध्यक्ष र एकजना सदस्य सहित नगर शिक्षा अधिकारी सदस्य-सचिव रहेको शिक्षक कर्मचारी छनौट समिति रहनेछ ।

२) उपदफा (१) बमोजिम अध्यक्ष र सदस्य तोक्दा न्युनतम उपसचिब स्तरको बहालवाला वा सेवानिवृत्त कर्मचारी वा शिक्षक तोक्नु पर्नेछ ।

३) शिक्षक छनौट कार्य प्रत्येक शैक्षिक सत्रमा आबश्यकता अनुसार परीक्षा लिइनेछ ।

४) शिक्षक छनौट सम्बन्धी कार्यविधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-१

**प्रारम्भिक**

संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस ऐनको नाम "कमलामाई नगरपालिका शिक्षा ऐन-२०७५" रहेको छ ।

ख) या ऐन कमलामाई नगरपालिका भर लागु हुनेछ ।

ग) यो ऐन कमलामाई नगरपालिका स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस ऐनमा**

क) "ऐन" भन्नले कमलामाई नगरपालिका शिक्षा ऐन २०७५ सम्फनुपर्छ ।

ख) "कार्यपालिका" भन्नाले कमलामाई नगर कार्यपालिका सम्फनुपर्छ ।

ग) "नगरसभा " भन्नाले कमलामाई नगरपालिकाको नगरसभालाई सम्फनुपर्छ ।

घ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्फनुपर्छ ।

ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्फनुपर्छ ।

च) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्फनुपर्छ ।

छ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाइ छुट्टै समूहमा राखी दिइने शिक्षा सम्फनुपर्छ ।

ज) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा बिषयवस्तुका सिकाइ गरी प्रविधि र व्यवसायिक शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्फनुपर्छ ।

झ) "सामुदायिक विद्यालय" भन्नाले समुदायका पहलमा स्थापना गरिएका नेपाल सरकार बाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय सम्फनुपर्छ।

ञ) "संस्थागत विद्यालय" भन्नाले व्यक्ति/संस्था वा समुदायको पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्फनुपर्छ ।

ट) "नगर शिक्षा अधिकारी" भन्नाले नगरपालिकाभित्रको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको कर्मचारी सम्फनुपर्छ ।

ठ) "नगर शिक्षा समन्वय केन्द्र*" भन्नाले नगरपालिकाभित्र रहेका विद्यालयहरुको समूह बनाइ पायक पर्ने विद्यालयमा कार्यालय रहने गरी शैक्षिक गतिविधिहरु सञ्चालन हुने केन्द्र भन्ने सम्फनुपर्छ ।

ड) "शिक्षा सहजकर्ता*" भन्नाले नगरपालिकाको शिक्षा सम्बन्धी कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्फनुपर्छ ।

* ड दोस्रो संसोधनबाट परिवर्तन गरिएको ।





ढ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्फनुपर्छ ।

ण) "तोकिएका" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएका वा तोकिए बमोजिम सम्फनुपर्छ ।

त) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेका कुनै तोकिएका ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएका अस्थायी स्वीकृतिलाई जनाउँछ ।

थ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमका सर्त पुरा गरेका विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएका स्थायी स्वीकृतिलाई जनाउँछ ।

द) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाले आवासीय विद्यालयका रूपमा स्वीकृति प्रदान गरेको विद्यालयलाई जनाउँछ ।

ध) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएका डाइभर्सिटी इमिग्रेन्ट भिसा, परमानेन्ट रेजिडेन्ट भिसा वा ग्रीन कार्ड सम्फनु पर्दछ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएका जुनसुकै नामका स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

न) "प्रारम्भिक बाल विकास शिक्षा" भन्नाले ४ बर्षमुनिका बालबालिकाहरूलाई मनोरञ्जनात्मक विधिबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासका लागि सामुदायिक र संस्थागत रुपमा दिइने प्रारम्भिक बाल विकास शिक्षा सम्फनुपर्छ ।

प) "पुर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षको पुर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्फनुपर्छ ।

फ) "शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्ने व्यक्तिलाई सम्फनुपर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

ब)*"शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले नगरपालिकाभित्रको शिक्षा, युवा तथा खेलकुद हेर्ने ईकाई सम्फनुपर्छ ।

भ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्फनुपर्छ :

१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकाहरुलाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा,

२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा,

म) 'सट्टा शिक्षक' भन्नाले शिक्षा सहजकर्ताको सट्टामा नियुक्त भएको व्यक्तिलाई सम्फनु पर्दछ ।

## परिच्छेद-२

**विद्यालय खोल्ने अनुमति वा स्वीकृति, गाभ्ने र खारेजी सम्बन्धी व्यवस्था**

* (ब) र (म) दोस्रो संसोधनबाट परिवर्तन गरिएको ।





अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा, सामुदायिक सिकाइ केन्द्र सञ्चालनका व्यवस्था गर्न सक्ने छ ।

**८. प्रारम्भिक बालविकास केन्द्र सम्बन्धी व्यवस्था:**

प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**९. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :**

नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर शिक्षा सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-३

**शिक्षाको प्रकार, माध्यम, पाठयक्रम र परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था**

**१०. माध्यमिक शिक्षाका प्रकार :**

माध्यमिक शिक्षा देहायको प्रकारका हुनेछन् :

(क) साधारण माध्यमिक शिक्षा

(ख) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

**११. शिक्षाका माध्यमः**

क) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुनेछ ।

ख) उपदफा (१)मा जुनसुकै कुरा लेखिएका भएतापनि देहायका अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :

(१) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(२) गैह्र नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयका र अन्य कुनै भाषाका विषय अध्ययन गर्न सक्नेछ ,

(३) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

**१२. विद्यालयका वर्गीकरणः**

नगरपालिका अन्तर्गतका विद्यालयहरू देहाय बमोजिम प्रकारका हुनेछन् :

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय (निजि, सहकारी, गुठीबाट सन्चालित )

**१३. विद्यालयको पाठयकम तथा पाठयपुस्तकः**

विद्यालयले नेपाल सरकारले तोकेका न्यूनतम मापदण्ड पुरा गरी आवश्यक सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेका मापदण्डभित्र रही स्थानीय पाठयकम र पाठयपुस्तक लागु गर्न सक्नेछ । सो प्रयोजनका लागि नगरपालिकाले स्थानीय पाठयकम विकास समिति गठन गरी पाठयकम विकास गर्न सक्नेछ ।

**१४. परीक्षा सञ्चालन :**

परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन





तोकिए बमोजिम हुनेछ ।

तर आधारभूत तह (कक्षा ८) को अन्तिम परीक्षा नगरपालिकाले नगरस्तरीय रुपमा संचालन गर्नेछ ।

## परिच्छेद-४

**नगर शिक्षा समिति, शिक्षक छनौट समिति, नगर शिक्षा अनुगमन समिति र नगर शिक्षा प्रमुख सम्वन्धी व्यवस्था**

**१५. नगर शिक्षा समितिः**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयका रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहने छ :

(क) नगर कार्यपालिकाको प्रमुख वा निजको कार्य गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) नगर कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक - सदस्य

(ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका महिला तथा दलित समेत २ जना सदस्य - सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी - सदस्य

(ङ) सामुदायिक विद्यालयका शिक्षकहरुमध्येवाट कम्तीमा एकजना महिला सहित समितिले मनोनित गरेको तीन जना - सदस्य

(च) संस्थागत विद्यालयका वि.व्य.स. अध्यक्षहरु मध्येवाट प्रमुखले मनोनित गरेको एकजना -सदस्य

(छ) नगरपालिका भित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट समितिले मनोनित गरेको एक जना - सदस्य

(ज) अपांगता भएका वालवालिकाको शिक्षाको क्षेत्रमा काम गर्ने व्यक्ति मध्ये नगर प्रमुखले मनोनित गरेको एकजना - सदस्य

(झ) शिक्षक महासंघका नगर अध्यक्ष वा प्रतिनिधि एक जना - सदस्य

(ञ) नगर शिक्षा अधिकारी - सदस्य सचिव

(२) नगर शिक्षा समितिका मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफनो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु अघि नीजलाई मनासिब माफिकका सफाइ दिने अवसर प्रदान गरिनेछ । यसरी हटाएको निर्णय उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ ।

(४) नगर शिक्षा समितिको बैठकमा सहभागी भए वापत सदस्यहरुले कार्यपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(५) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

बखत नगर शिक्षा समितिको परामर्शमा नगर कार्यपालिकाले विघटन गर्न सक्ने छ ।

**२०. विद्यालय सञ्चालन कार्यविधि :**

(१) यो ऐन वा प्रचलित कानुनका अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, बालबालिकाहरुको चौतर्फी विकासमा टेवा पुग्ने गरी अतिरिक्त क्रियाकलापहरुको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेस गरिएको कार्यविधि अभिभावक भेलाबाट पारित गराइ लागु गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ

४) अध्यावधिक कार्यविधिका प्रतिलिपि पारित भएको मितिबाट सात दिनभित्र व्यवस्थापन समितिले नगरपालिका कार्यालयमा पेस गर्नु पर्नेछ ।

(५) नगरपालिकाले नगरको शैक्षिक विकासका लागि नमूना विद्यालयका विकास गर्न, आवश्यकतानुसार नमूना विद्यालय स्थापना गर्न वा हाल संचालित सामुदायिक विद्यालयहरुमध्येबाट नमूना विद्यालयका रुपमा छनौट गरी संचालन गर्न सक्नेछ। नमूना विद्यालयलाई सम्बन्धित विषयमा आवश्यक स्वयमसेवक र थप सहयोगका व्यवस्था तोकिएबमोजिम गरिनेछ ।

(६) विद्यालयको कार्यविधि सार्वजनिक दस्तावेज हुनेछ ।

**परिच्छेद - ६**

कोष, अनुदान, शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति, विद्यालयलाइ छुट र सुविधा सम्वन्धी व्यवस्था

**२१. शिक्षा विकास कोष :**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यायलयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिकामा एउटा नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमका कोषमा देहायका रकमहरू रहने छन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयका वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमका रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

*(१) विद्यालय व्यावस्थापन समितिले सन्तोषजनक रुपमा कार्य गर्न नसकेमा कुनै पनि बखत नगर शिक्षा समितिको परामर्शमा नगर कार्यपालिकाले विघटन गर्न सक्ने छ ।

- *पहिलो संसोधनबाट थपघट*





(झ) नगरपालिका बाट नियुक्ती पाइ आएका शिक्षकलाई हाजिर गराइ काममा लगाउने ।

(ञ) नगरपालिकामा सुचिकृत रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराउने,

(ठ) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्ने,

(ड) तोकिएबमोजिमका क्षेत्रसंग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(ढ) विद्यालयका आन्तरिक स्रोतवाट खर्च ब्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुविधा तोक्ने र तोकिए बमोजिमका पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने,

(ण) शिक्षक तथा कर्मचारीहरूलाई तोकिए बमोजिमका कार्यवाही गर्ने,

(१३) संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतका परिचालन गर्ने,

(ख) विद्यालयका चल, अचल सम्पत्तिका लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयका शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नगरपालिकाले तोके बमोजिमका पाठयक्रम तथा पाठयपुस्तक अनिवार्य रुपमा लागु गर्ने,

च) प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुने योग्यता पुगेका व्यक्तिलाई शिक्षक छनौट समितिका अनुमति लिइ शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) नगरपालिकाले तोके बमोजिमका न्यूनतम तलबस्केलमा नघटाइ शिक्षकलाई तलब खुवाउने,

(ज) अनुशासनहीन शिक्षक तथा कर्मचारीहरुलाई कारवाही गर्ने,

(झ) शिक्षा ऐन, नियमावली तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगर पालिकाबाट जारी शिक्षासँग सम्बन्धित सबै ऐन, नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूको पालना गर्ने गराउने,

(ञ) विद्यालय व्यवस्थापन समितिले आवधिक रुपमा आफना शैक्षिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलापसमेतको प्रतिवेदन वडा समितिमार्फत नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ ।

(ट) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयका सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१४) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**१९. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:**

*(१) विद्यालय व्यावस्थापन समितिले सन्तोषजनक रुपमा कार्य गर्न नसकेमा कुनै पनि





किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा सघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेका सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर वेचविखन गर्न पाइने छैन ।

* ६) विद्यालयको (भवन, जग्गा आदि) चल, अचल सम्पति नगर शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिको अध्यक्षको स्वीकृति नलिई लिजमा दिन, लिन र भाडामा लगाउन वा अन्य प्रयोजनका लागि करार गर्न पाईने छैन ।

**३०. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि वाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोके बमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीका रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**परिच्छेद- ७**

**दरवन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था**

**३१. दरबन्दी मिलान :**

आवश्यक मापदण्ड सहित विद्यार्थी ⁄ शिक्षक अनुपात निर्धारण गरी नगर शिक्षा समितिले प्रत्येक वर्षको दरबन्दी मिलान गर्ने कार्य गर्नेछ। हाल रहेका शिक्षक जगेडा दरबन्दी यस ऐन बमोजिम कार्यपालिका मातहत रहनेछ ।

**३२. शैक्षिक योग्यता :**

विद्यालयका शिक्षक, कर्मचारी एवम् वालविकास केन्द्रको सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३३. शिक्षक विद्यार्थीका अनुपात मिलाउनु पर्ने :** नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३४. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयलका शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालयको प्रशासनिक कार्य सम्वन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने

* ६) विद्यालयको (भवन, जग्गा आदि) चल, अचल सम्पति नगर शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिको अध्यक्षको स्वीकृति नलिई लिजमा दिन, लिन र भाडामा लगाउन वा अन्य प्रयोजनका लागि करार गर्न पाईने छैन ।

- *पहिलो संसोधनबाट बुधा ६ थप गरि व्यवस्था गरिएको ।*





**१७. नगर शिक्षा अधिकारी :**

(क) नगरपालिकामा शिक्षा हेर्ने एकजना शिक्षा शाखा प्रमुख हुनेछन ।

(ख) शिक्षा प्रमुखका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) शिक्षा सम्बन्धी नगरसभाबाट पारित स्थानीय योजना कार्यान्वयन गर्ने गराउने,

(२) नगरपालिकाले तर्जुमा गरेका स्थानीय शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने

(३) विद्यालय जाने र विद्यालयबाहिर रहेका बालबालिकाको खण्डीकृत शैक्षिक तथ्याङ्क अद्यावधिक गरी तथा गर्न लगाइ प्रदेश तथा केन्द्रमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने गराउने,

(४) विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वियनका लागि स्रोतको बाँडफाँड गर्ने गराउने,

(५) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने,

(६) नगर क्षेत्रभित्रका विद्यालय नक्साङ्कन गरी सोको आधारमा विद्यालय खोल्ने अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा गाभ्ने, विद्यालयका नाम परिवर्तन गर्ने सम्बन्धि कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(७) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीका पदस्थापन तथा सरुवा सम्बन्धी कार्य गर्ने, स्वीकृत दरबन्दी अनुसार तलब भत्ता निकासा गर्न सिफारिस गर्ने,

(८) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, विद्यालयले स्वीकृत गर्ने बाहेकका अन्य विदाहरू स्वीकृत गर्ने,

(९) वार्षिक रुपमा विद्यार्थी सङख्याका अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने, विद्यालयहरूमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउने सम्बन्धी प्रस्ताव तयार गर्ने,

(१०) विद्यालयहरूका समुह विभाजन गरी स्रोतकेन्द्र निर्धारण गर्ने र स्रोतकेन्द्रबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने,

(११) विद्यालयको गुणस्तर वृद्धि गर्न प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमका व्यवस्था गर्ने,

(१२) आधारभूत तहका परीक्षा व्यवस्थापन गर्ने, विद्याथी सिकाइ उपलब्धि परीक्षण गर्ने र व्यवस्थापन गर्ने, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन गर्ने,

(१३) शिक्षा सम्बन्धी कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनका अधीनमा रही कार्य सम्पादन गर्ने,

(१४) सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफनो विषयप्रति जिम्मेवार र जवाफदेही बनाउने ।

(१५) कार्यपालिका बाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने ।

(१६) ऐनको दफा १६ अनुसारको समितिवाट सिफारिस शिक्षक तथा कर्मचारीलाई

विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमका शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफनो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमका शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगरपालिकाबाट स्वीकृत गराइ निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा नगरपालिकाले विद्यालयले उपलब्ध गराएको सुविधाका आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगरपालिकाले त्यस्ता शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगरपालिकाले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**२७. छात्रवृत्तिका व्यवस्था गर्न सक्ने :**

नगरपालिकाले विद्यालयमा भर्ना भएका विद्यार्थीहरूलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**२८. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयहरूले भर्ना भएका कुल विद्यार्थी सङख्याको कम्तीमा दश प्रतिशतमा नघटने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा विद्यार्थी छनौट समिति गठन

गर्नेछ । प्रत्येक विद्यालयले आफुले उपलब्ध गराएका आधार सहितका छात्रवृत्तिका विवरण नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ ।

**२९. विद्यालयको सम्पत्ति :**

(१) सामुदायिक विद्यालयका हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएका वा कुनै विद्यालयमा गाभिएका सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा वा सरकारी प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिकाको शिक्षाकोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयका सम्पत्ति सोही विद्यालयका नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्ता विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परि वर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासंग दानदातव्यका रुपमा कुनै





नियुक्ती र पदस्थापन गर्ने ।

## परिच्छेद – ५

**विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**

**१८. विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना - सदस्य

(ख) नगरपालिकाको सम्बन्धित वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एकजना - सदस्य

(ग) * विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर सहयोग गर्ने व्यक्तिहरु मध्येबाट वडा समिति को सिफारिसमा नगर शिक्षा समितिको अध्यक्षले मनोनित गरेको १ जना - सदस्य

(घ) नगरप्रमुखले मनोनित गरेको स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी मध्येबाट एकजना - सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानी पठाएको प्रतिनिधि एकजना - सदस्य

(च) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरस्तरका उद्योग तथा वाणिज्य महासंघका एकजना प्रतिनिधि सदस्य रहनेछन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको सदस्यहरु छनौट भएको सात दिन भित्र बैठक बसी सो समितिको अध्यक्ष छनौट गर्नुपर्नेछ । तोकिएको अवधिमा अध्यक्ष छनौट हुन नसकेमा नगर प्रमुखले अध्यक्ष तोक्न सक्नेछ ।

(५) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छनौट नभएसम्म समितिको बैठकको अध्यक्षता उपदफा १ को खण्ड (ख) बमोजिमको सदस्यले गर्नेछ ।

(६) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछन ।

(७)*शिक्षा अधिकृत/सहजकर्तालाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

*(ग)* - पहिलो संसोधनबाट थपघट*

*(७)* - दोस्रो संसोधनबाट थपघट*





(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**कोष सञ्चालक समिति :**

(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमका सञ्चालक समितिका काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२३. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिल हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्यस्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमका कोषका सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिएबमोजिम हुनेछ ।

**२४. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएका शीर्षक स्रोत र सुत्रका आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिएबमोजिम कटौती गर्न सकिनेछ ।

(२) समुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराइनेछ ।

**२५. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्नेः**

नगरपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

**२६. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेका विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमका शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएका भएतापनि कुनै अभिभावकले आफना इच्छाले दिएका दान, उपहार, चन्दा

वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बाल बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतका व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेका विद्यालय शिक्षाबाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसग तोकिएको आधारमा शुल्क निर्धारण गरिनेछ ।





(८) व्यवस्थापन समितिको पदावधि तीन बर्षको हुनेछ ।

(९) व्यवस्थापन समितिको गठन र बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) संस्थागत विद्यालयका सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमको सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनित व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका एक जना महिला सहित २ जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका एकजना - सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकहरू मध्येबाट छानी पठाएका एक जना शिक्षक - सदस्य

(ङ) विद्यालय रहेका सम्बन्धित वडाका जनप्रतिनिधिहरू मध्येबाट वडा समितिले सिफारिस गरेको एकजना - सदस्य

(च) नगर शिक्षा प्रमुख वा निजले तोकेको व्यक्ति* -सदस्य

(छ) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(११) उपदफा (१), (२) र (३) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यका पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफना पद अनुसारका आचरण पालना नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाइ जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि नीजलाई सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिनेछैन । नगर शिक्षा समितिले गरेको कारवाही उपर न्यायिक समितिमा उजुर लाग्नेछ ।

(१२) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतका परिचालन गर्ने,

(ख) विद्यालयका चल, अचल सम्पत्तिका लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयका शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयका वार्षिक बजेट स्वीकृत गने, त्यसको जानाकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाका आधारमा विद्यालयको वातावरण बिगार्न नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,

(छ) शिक्षक सेवा आयोगले लिएका परीक्षामा सफल भइ सिफारिस भएका शिक्षकलाइ विद्यालयमा हाजिरी गराउने,

(ज) नगरपालिकाबाट स्वीकृत र सिफारिस राहत अस्थायी र दरबन्दीका शिक्षक कर्मचारीलाई व्यवस्थापन गर्ने,

*१० (च) दोस्रो संसोधनबाट

गरी नेपाल सरकार वा नगरपालिकाले तोकको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३५. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

(१) कुनै आरोपमा सजाय भोगेका, नोकरीबाट हटाइएका वा बर्खास्त भएका शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएका शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मितिसम्मको पुरा तलब ,भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३६. शिक्षकको नियुक्ति, बढुवा र सरुवा :**

(१) विद्यालयमा रिक्त स्थायी शिक्षकको नियुक्ति शिक्षकसेवा आयोगको सिफारिसमा तोकिए वमोजिम हुनेछ ।

(२) विद्यालयमा रिक्त अस्थायी, करार, अनुदानकोटा (राहत) र बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताका नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) वाल विकास सहयोगी कार्यकर्ताका योग्यता र सेवा सर्त सुविधा तोकिए बमोजिम हुनेछ ।

(४) नगरपालिकाभित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करार, अनुदानकोटा (राहत) मा कार्यरत शिक्षकले सरुवा भएर जाने र आउने दुबै विद्यालयका व्यवस्थापन समितिका सहमति लिएमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगर शिक्षा समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाइ रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटा विद्यालयमा निरन्तर पाँच बर्षसम्म सेवा गरेका शिक्षकहरूलाई नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको सहमतिनलिइ नगरपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(६) शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षकलाई विषय मिल्ने गरी स्थायी नियुक्ति दिइ काममा लगाउनु पर्नेछ । दरबन्दीमा करार शिक्षक नियुक्ति गर्दा शिक्षा सेवा आयोगका करार सूचीलाइ पहिलो प्राथमिकता दिनुपर्नेछ ।

(७) शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवार उपलब्ध नभएमा नगर शिक्षक कर्मचारी छनौट समितिले परिक्षा लिई प्रकाशित करार सूचीमा रहेका उम्मदवारलाई नगरपालिका भित्र रिक्त रहेका दरबन्दी/राहत कोटामा योग्यताक्रम अनुसार करार नियुक्ति दिई सम्बन्धित विद्यालयमा काममा लगाउन सक्नेछ ।

(८) शिक्षकका बढुवा प्रयोजनका लागि सघीय तथा प्रदेश कानुन बमोजिमका पद निर्धारण गरिनेछ ।

**३७. तलबभत्ता नपाउने र सेवा अवधि गणना नहुने :**

दफा (३४) मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेका अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिका तलब भत्ता पाउने छैनन र सो अवधि सेवामा गणना समेत हुनेछैन ।





**३८. प्रधानाध्यापक तथा कर्मचारी सम्वन्धी व्यवस्थाः**

* (१) वरिष्ठतम तथा नेतृत्व सिप भएको शिक्षकलाई विद्यालय विकास प्रस्तावका आधारमा नगर शिक्षा समितिले प्रधानाध्यापकको दरवन्दि व्यावस्थापन गरिने छ ।

* (२) सामुदायिक विद्यालयमा शिक्षक भर्ना गर्नको लागि नगर शिक्षा समितिले एक छनौट समिति गठन गर्ने छ । उक्त समितिको सिफारिसमा नगर शिक्षा समितिवाट स्वीकृत भएको व्यक्तिलाई शिक्षा शाखाले नियुक्ति दिने छ ।

**३९. स्थायी आवासीय अनुमति लिन नहुनेः**

सामुदायिक विद्यालयमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि देशका स्थायी आवासीय अनुमति लिन वा त्यस्ता अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई तोकिए बमोजिम दण्ड सजाय हुनेछ ।

**४०. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

(१) सामुदायिक विद्यालयको शिक्षकहरूको पेसागत हकहितका सम्बन्धमा कार्य गर्न तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछ । सो उपर अनुगमन समितिको प्रतिवेदनका आधारमा नगरपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिएबमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलका कार्यकारिणी समितिमा रहेका पाइएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा सुक्ष्म रुपमा अमूक राजनैतिक दलका मात्र हित वा विरोधमा कार्य गर्ने संगठनको गतिविधिमा कार्यालय समयमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्नाको पर्याप्त कारण सहितको आवश्यक प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकका स्पष्टीकरणका मौका प्रदान गरिने छ ।

* (१) वरिष्ठतम तथा नेतृत्व शिप भएको शिक्षकलाई विद्यालय विकास प्रस्तावका आधारमा नगर शिक्षा समितिले प्रधानाध्यापकको दरवन्दि व्यावस्थापन गरिने छ।

* (२) सामुदायिक विद्यालयमा शिक्षक भर्ना गर्नको लीगि नगर शिक्षक समितिले एक छनौट समिति गठन गर्ने छ। उक्त समितिको सिफारीसमा नगर शिक्षा समितिवाट स्वीकृत भएको व्यक्तिलाई शिक्षा शाखाले नियुक्ती दिने छ।

*- पहिलो संसोधनबाट थप व्याख्या सहित परिमार्जन*





**स्पष्टीकरण** : यस खण्डका प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले र ाजनैतिक दलका विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।

## परिच्छेद- ८

**विविध**

**४१. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमका अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**४२. बालबालिकाहरूलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइनेछैन । तर बालबिज्याइ गरेका अवस्थामा बालवालिकालाई आवश्यक कारवाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेको मानिनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन ।

**४३. प्रगति विवरण बुझाउनु पर्नेः**

विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमको विवरण सहितको प्रगति विवरण नगर शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

**४४. दण्ड सजायः**

१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्ता व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्ता व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोक बमोजिम सजाय हुनेछ :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द नियन्त्रणमा लिइ अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिइ कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिजकोर्ष, कोचिङ्ग कक्षा, टयूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) परीक्षाका मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) कानुन विपरितका अन्य कार्य गरेमा ।

३) कानुन बमोजिमका कसुरका सम्वन्धमा विद्यालयका कुनै शिक्षक वा कर्मचारी उपर





मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्ता शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएका मिति देखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछन् । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाइ यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

**४५. पुनरावेदन :**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**४६. नगरपालिकाले निर्देशन दिन सक्नेः** (१) नगरपालिकाले तोकिएका क्षेत्रसंग सम्वन्धित छात्रावास, टयुसन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिए बमोजिमको सर्त पुरा गरेका संस्थालाई अनुमति लगायतका आवश्यक निर्देशनहरु दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालन गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**४७. बिद्यालयको अनुगमन सुपरिवेक्षणका लागि तोकिए बमोजिमको अनुगमन समिति, क्लष्टर र शिक्षा सहजकर्ताको ब्यवस्था गर्न सकिनेछ ।**

**४८. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक शिक्षा नियमावली बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनका लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ

**४९. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेका काम नियमावली नआएसम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**५०. बाधा अडकाउ फुकाउने अधिकार :**

यस ऐनका उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा परेमा नगरपालिकाले त्यस्ता बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्ता आदेश यस ऐनमा परे सरह मानिनेछ ।

**५१. बचाउ र लागु नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएका कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएका कुनै कुराले पनि विद्यालयका सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, सङ्घीय र प्रादेशिक कानुनसंग बाझिएका यस ऐनका दफा र उपदफाहरू बाझिएका हदसम्म स्वतः निष्क्रिय हूनेछ ।

(४) यसअघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिदै आएको सुविधामा कुनै किसिमका कटौती गरिनेछैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन ।

**आज्ञाले**

**विशकसेन ढकाल**

**प्रमुख प्रशासकीय अधिकृत**